जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ | अंक ६९ | २०७८ साल असोज १९ गते मंगलबार (5 Oct. 2021 Tuesday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**जनस्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरौं**

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड -१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवातजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरुमा आवतजावत गर्दा अनिवार्य रुपमा मास्क लगाऔं ।
- अनावश्यक भिडभाड नगरौं, भौतिक दूरी कायम गरौं ।
- कोभिड-१९ रोकथामको लागि सरकारले जारी गरेको स्वास्थ्य मापदण्ड पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

*यस अंक भित्र :* २ पृष्ठमा : महिला आयोगको ... ३ पृष्ठमा : टेलिकमद्वारा दसैं ... ३ पृष्ठमा : साउदी अरेबिया नेतृत्वको सैन्य ...

# जनमत पार्टीद्वारा मुख्यमन्त्रीको राजिनामा माग




**दैनिक समाचारदाता**
**जनकपुरधाम, १८ असोज ।**

जनमत पार्टीका कार्यकर्ताहरुले सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय घेराउ गर्दै प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतको राजिनामा माग गरेका छन् ।

बेटी बचाउ, बेटी पढाउ अभियान अन्तर्गत साइकल खरिदमा भ्रष्टाचारको आरोप लागेपछि जनमत पार्टीका कार्यकर्ताहरुले मुख्यमन्त्री राउतको राजिनामा माग गदै कार्यालय घेराउ गरेका हुन् ।

जनमत पार्टीकी केन्द्रीय सचिव अनिता साहले भ्रष्टाचारको छानविन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छापा मारेकोमा अख्तियारका पदाधिकारीलाई धन्यवाद दिदै छानविन गर्न र दोषी ठहर भए कानून बमोजिम कारबाही गर्न अख्तियारसँग आग्रह समेत गरिन् ।

उनीहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय घेराउ गर्दै साइकल चोर देश छोर, भ्रष्ट प्रदेश सरकार मुर्दाबाद, जनमत पार्टी जिन्दावाद जस्ता नारा लगाएका थिए ।

जनमत पार्टीका कार्यकर्ताहरुले जनकपुरधामको सडक मर्मतमा चासो नदेखाएको भन्दै सोमबारै जनकपुरधाम उपमहानगरपालिका र खानेपानी तथा ढल व्यवस्थापन विभागमा तालाबन्दी समेत गरेका छन् ।

# अस्पतालका कर्मचारी झुण्डिएको अवस्थामा फेला

**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

गजेन्द्र नारायण सिंह अस्पताल राजविराजका एक कर्मचारी आफ्नै कोठामा झुण्डिएको अवस्थमा फेला परेका छन् ।

अस्पतालमा कम्प्युटर अपरेटर पदमा कार्यरत राजविराज नगरपालिका वडा नं २ की २६ वर्षीया रूवीकुमारी साफी सोमबार बिहान आफ्नै कोठामा झुण्डिएको अवस्थामा फेला परेकी हुन् ।

सोही अस्पतालको फार्मेसीमा कार्यरत उनका पति राजन साफीको एक वर्षअघि कोरोना संक्रमणबाट मृत्यु भएको थियो । उनीहरुको एक छोरा र एक छोरी छन् । पतिको मृत्युपछि अस्पतालले रुवीलाई कम्प्युटर अपरेटर पदमा जागिर समेत दिएको थियो ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी एवं प्रवक्ता माधवप्रसाद काफ्लेले घटना बारे थप अनुसन्धान भइरहेको तथा शव पोष्टमार्टमका लागि अस्पतालमा ल्याइएको जानकारी दिएका छन् ।




# संविधान संशोधन गरी अघि बढ्नु पर्छ : अध्यक्ष ठाकुर




**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले संविधानमा अहिले पनि मधेशी, दलित, मुश्लिम, आदिवासी, जनजाती, सिमान्तकृत समुदाय लगायतका कतिपय समस्या यथावत रहेको बताएका छन् । उनले ती समस्यालाई सच्याएर अघि बढनु पर्ने आवश्यक रहेकोले संविधान संशोधन गरी अघि बढ्नु पर्नेमा जोड दिए ।

राजविराजमा सोमवार लोसपा सप्तरीद्वारा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले मुलुकको वर्तमान संविधान अहिले पनि कठोर रहेको भन्दै संविधानका कतिपय धारा समेत प्रष्ट नरहेको उल्लेख गरे ।

प्रदेश २ को मुख्यमन्त्री कार्यालयमा अख्तियारले गरेको छापामारीलाई लिएर भईरहेको विरोधबारे उनले संवैधानिक आयोगको रुपमा रहेको अखितयारको छापामारीको विषयमा हामीले अहिले नै बोल्नु जरुरी नरहेको बताउँदै छानविनपछि आउने निष्कर्ष पछि नै केही भन्नु उपयुक्त हुने जिकिर गरे ।

यस्तै पत्रकार सम्मेलनमा पार्टीका बरिष्ठ नेता राजेन्द्र महतोले मधेशको माग पुरा गर्न बलियो परिवर्तनकारी शक्ति निर्माण गरी जनता समाजवादी पार्टी बनाएकोमा उपेन्द्र यादवले खण्डित गरीदिएको आरोप लगाए ।

उनले आउँदो निर्वाचनमा जसपासँग चुनावी तालमेलको सम्भावना न्युन रहेको भन्दै तालमेल हुने वा नहुने कुरा समयपरिस्थितिले देखाउने उल्लेख पनि गरे ।

*बाँकी अन्तिम पृष्ठमा*

# सहमति कार्यान्वयनको माग गर्दै चन्द कार्यकर्ताद्वारा जिप्रकामा धर्ना



**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

नेत्रविक्रम चन्द नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका कार्यकर्ताले सरकारसँग भएको तीन बुँदे सहमति कार्यन्वयन गर्न माग गर्दै सोमबार सप्तरी जिल्ला प्रशासन कार्यालयमा धर्ना दिएका छन् ।

अघिल्लो सरकारसँग भएको तीन बुँदे सहमति कार्यान्वयन गर्न दबाब स्वरुप धर्ना दिएको उनीहरुले बताएका छन् ।

नेकपा सप्तरीका युवा नेता रामनारायण मण्डलको अगुवाइमा चन्दका कार्यकर्ताहरु सोमबार धर्नामा बसेका हुन् ।

तत्कालीन केपी ओली नेतृत्वको सरकारसँग २०७७ फागुन २१ गते ३ बुँदे सहमति गरेर चन्द समूह शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेको थियो ।

सहमतिको ८ महिना बित्न लाग्दा पनि कार्यान्वयनमा कुनै प्रगति नभएको, आफ्ना कार्यकर्ताहरु अझै पनि विभिन्न अभियोगमा थुनामा रहेकोले आन्दोलन गर्नु परेको चन्द समूहका नेता मण्डलले बताए ।

उनले बन्दी रिहाइ, मुद्दा खारेजी र प्रतिबन्ध फुकुवा गर्ने कुरा सहमतिको मर्म रहेको जानकारी दिए । कतिपय कार्यकर्ताहरु अहिले पनि जेलमा रहेको र मुद्दा दर्ता भएर फरार सूचीमा रहेका कार्यकताहरुको मुद्दा खारेजी नभएकाले सार्वजनिक जीवनमा आउन समस्या भइरहेको उनको भनाइ थियो ।

## सम्पादकीय

# यप पटकको चाडपर्वमा पनि सतर्कता अपनाऔं

हिन्दुहरुको महान चाड वडा दशैं सुरु हुन दुई दिन मात्र बाँकी छ। यता बडा दशैंको आगमनसँगै कोरोनाको त्रास पनि त्यति रहेको छ। विगत दुई वर्षको दशैं कोरोनाको त्रासमै बितेको छ। अहिले पनि महामारीकै त्रासमा दशैं मनाउनु पर्ने बाध्यता छ। कोरोना महामारी पूर्ण रुपमा समाप्त नभएको अवस्थामा यस पटक पनि सावधानी अपनाउनु उत्तिकै आवश्यक छ। बढी भिडभाडमा नगइकन सावधानी अपनाई पूजापाठ गर्नु नै सबै सुरक्षित हुनु हो।

विश्वभर फैलिएको कोरोना महामारीकाबीच यस पटकको दशैं पनि विगतको दुई वर्ष झैं मनाउन हामी बाध्य भएका छौं। महामारीको पहिलाको रुप र अहिलेको रुपमा धेरै भिन्नता देखिएको छ। पहिला भन्दा अहिले बढी घातक रुपमा फैलिरहेको यस महामारी बिरुद्ध हालसम्म खोप लगाउनु एक मात्र विकल्प रहेको छ। यसबाहेक यो रोग लाग्न नदिन आफै सतर्क र सावधानी अपनाउनु मात्र विकल्प रहेको छ।

तसर्थ यस रोगलाई परास्त गर्न सबैले सावधानी अपनाई सरकारद्वारा जारि निर्देशनको पालना गर्नु अत्यन्त आवश्य छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिलाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569


# महिला आयोगको सक्रियता

काठमाडौँ, १८ असोज (रासस)। राष्ट्रिय महिला आयोगले पछिल्लो समय आफ्ना गतिविधिमा सक्रियता देखाएको छ। महिलाका हकहित संरक्षण गर्ने उद्देश्यसहित स्थापना भएको आयोगले गत पुसमा पूर्णता पाएसँगै सक्रियता बढाएको हो। आयोग पछिल्लो तीन वर्षदेखि पदाधिकारीविहीन अवस्थामा थियो।

संवैधानिक मान्यता प्राप्त गरेको झण्डै पाँच वर्षपछि आयोगमा आव २०७७/७८ मा अध्यक्ष र चार जना सदस्यको नियुक्ति भई आयोगले पूर्णता पाएपछि आयोगले आफ्नो कामकारवाहीलाई नियमितसँग सक्रियता बढाएको छ। पदाधिकारीको नियुक्ति र पदबहालीसँगै महिला हकअधिकारको संरक्षण र सम्वर्द्धन, महिला हिंसाका घटनाको स्थलगत अनुगमन तथा सम्बोधन गर्ने कार्यमा आयोगको क्रियाशीलता बढेको छ।

हिंसामा परेका महिलाको उजुरी सम्बोधनका लागि आयोगले 'खबर गरौं ११४५' हेल्पलाइन सेवा निःशुल्करूपमा २४ सैं घण्टा सञ्चालन गरी सेवा प्रदान गर्दै आइरहेको छ। त्यसले जोखिममा परेका महिला तथा बालबालिकालाई ठूलो राहत पुऱ्याएको अध्यक्ष कमला पराजुलीले जानकारी दिनुभयो। विगतमा दातृ निकायको सहयोगमा सञ्चालित सो सेवा आव २०७८/७९ देखि नेपाल सरकारको बजेट र जनशक्तिबाट सञ्चालन हुने व्यवस्था मिलाइएको छ। आव २०७७/७८ मा आयोगमा लैङ्गिक हिंसासम्बन्धी कूल एक हजार ५७० उजुरी दर्ता भएका छन्। जसमध्ये एक हजार ३५२ (८६ प्रतिशत) उजुरी घरेलु हिंसासँग सम्बन्धित छन् भने २१८ (१४प्रतिशत) उजुरी महिला हिंसासँग सम्बन्धित छन्। कूल उजुरीमध्ये ९०० वटा उजुरी फछर्याेट भइसकेको छ। आयोगमा दर्ता भएका उजुरीमध्ये सबैभन्दा बढी ५४ प्रतिशत उजुरी २६ देखि ४० वर्ष उमेर समूहको रहेको छ। उजुरी दर्ता भएका हिंसाका घटनामध्ये मानसिक यातना, कुटपिट, आर्थिक यातना र चरित्र हत्यासम्बन्धी घटना क्रमशः अधिकतम रूपमा रहेका छन्।

नीतिगत तथा कानुनी हिसाबले आयोगको दैनिक कार्यसम्पादनलाई व्यवस्थित तवरमा सञ्चालन गर्न सहयोग पुऱ्याउन राष्ट्रिय महिला आयोग नियमावली, २०७८, राष्ट्रिय महिला आयोगको बैठक सञ्चालन कार्यविधि, २०७८ तथा राष्ट्रिय महिला आयोगको आन्तरिक व्यवस्थापन निर्देशिका, २०७८ स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ। साथै, आयोगका पदाधिकारी तथा कर्मचारीले पालना गर्नुपर्ने आचरण स्वीकृत गरी कार्यान्वयन ल्याइएको छ।

आव २०७७/७८ मा आयोगले विभिन्न विषयमा परामर्शदाता (विज्ञ व्यक्ति/संस्था) बाट अध्ययन अनुसन्धान गराई प्रतिवेदन प्राप्त गरेको छ। अध्यक्ष पराजुलीले राज्यका तीनै तहका सरकार तथा निकायले सञ्चालन गर्ने कार्यक्रममा लैङ्गिक सवाललाई समावेश गर्ने, बजेटलाई संस्थागत गर्ने, समानता र सशक्तीकरणलाई सघाउ पुग्ने कार्यमा पर्याप्त बजेट र जनशक्ति छुटयाउने, प्रत्येक निकायले सञ्चालन गर्ने कार्यक्रमलाई लैङ्गिक दृष्टिले विश्लेषण र लेखाजोखा गर्ने तथा सञ्चालित कार्यक्रमको लैङ्गिक लेखा परीक्षण गर्ने पद्धति अवलम्बन गरी देशमा लैङ्गिक उत्तरदायी शासन व्यवस्थालाई संस्थागत गर्नपर्ने बताउनुभयो

मानसिक, सामाजिक, शारीरिक र यौन हिंसालगायत विभिन्न प्रकारका हिंसाबाट पीडित/प्रभावित महिला, किशोरी बालिका तथा आश्रित बालबच्चालाई उद्धार तथा पुनःस्थापना गर्ने, कानुनी सहयोग तथा मनोसामाजिक परामर्श प्रदान गर्ने, सुरक्षित आश्रयस्थल सेवा प्रदान गर्न आयोगले समन्वयकारी भूमिका निर्वाह गरिरहेको अध्यक्ष पराजुलीको भनाइ छ। उहाँले भन्नुभयो, "महिला हकअधिकारको संरक्षण र सम्वर्द्धन गरी लैङ्गिक समानता र लैङ्गिक न्याय सुनिश्चित गर्न राज्यका तीन तह र निकायबाट नीति तथा कार्यक्रम कार्यान्वयनमा रहेको भए पनि कार्यान्वयन पक्ष फितलो हुँदा अपेक्षित नतिजा हासिल हुन सकेको छैन, खासगरी प्रदेश र स्थानीय तहका सरकारले महिला सशक्तीकरण गर्ने, महिलाउपर हुने हिंसालाई नियन्त्रण गर्न महिला जागरुकता र उद्यमशीलता प्रवर्द्धन गर्ने तथा लैङ्गिक सबाललाई सम्बोधन गर्न सघाउ पुग्ने कार्यक्रम प्राथमिकता साथ सञ्चालन गर्नुपर्ने आवश्यकता छ।"

उहाँले आयोगको लागि आफ्नै जग्गा र भवनको व्यवस्था गर्न एवं नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठनात्मक सुदृढीकरण गर्दै सबै प्रदेशमा आयोगको प्रदेशस्तरीय संरचना स्थापना गरी आयोगलाई महिला हक अधिकारको संरक्षण र सम्वर्द्धन तथा लैङ्गिक हिंसा रोकथाम र नियन्त्रणको क्षेत्रमा अग्रणी र नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने सबल र सक्षम संस्थाको रूपमा स्थापित गर्न सरकारसँग अनुरोध गर्नुभयो। अधिकारकर्मी गौरा नेपालीले महिलाभित्र पनि दलित महिला सबैभन्दा बढी हिंसामा पर्ने गरेको बताउँदै महिला आयोगले त्यस्ता महिलाका मुद्दालाई प्राथमिकतामा राखेर उनीहरूलाई न्याय दिनुपर्ने धारणा राख्नुभयो। लैङ्गिक असमानताका लागि महिलालाई स्रोत, साधनसँगै आर्थिक परनिर्भरता, शिक्षा, स्वास्थ्य तथा रोजगारीमा बलियो बनाउनुपर्ने उहाँको भनाइ छ।

महिलाविरुद्धको हिंसा, महिलालाई गरिने असमान व्यवहार, कुप्रथा तथा खराब सामाजिक चालचलन, छुवाछूत तथा जातपातको भेदभाव, छोरीको चाँडो विवाह, परिवारमा छोरालाई बढी महत्व दिने सामाजिक संस्कार, सम्पत्ति अधिकारको उपयोगको सम्बन्धमा विभेदपूर्ण सामाजिक व्यवहार, नागरिकताको पहुँचमा रहेको असमानताजस्ता कारणले महिलामाथि आर्थिक, सामाजिक तथा सांस्कृतिक विभेदको विद्यमानता कायमै रहेको आयोगको बुझाइ छ।




# टेलिकमद्वारा दसैं अफर जारी

काठमाडौं, १८ असोज (रासस) ।

नेपाल टेलिकमले चाडपर्वका अवसरमा मङ्गलबारदेखि विभिन्न डाटा, भ्वाइस प्याक तथा रिचार्ज गर्दा बोनससहितको 'फेस्टिबल अफर' उपलब्ध गराउने भएको छ ।

सो अफर आगामी कात्तिक २ गतेसम्म जारी रहने प्रवक्ता राजेश जोशीले जानकारी दिनुभयो । यसैगरी अगामी तिहार, न्हुँदया र छठका अवसरमा यी अफर कात्तिक १६ गतेदेखि कात्तिक २४ गतेसम्म पुनः उपलब्ध हुनेछन् । डाटा प्याकअन्तर्गत रु २९४ मा २० जीवी डाटा १० दिनभित्र र रु ९८ मा ६ जीवी डाटा तीन दिनभित्र प्रयोग गर्न सकिने अफर उपलब्ध हुनेछ ।

यसैगरी एक दिनका लागि अनलिमिटेड प्रयोग गर्न सकिने एक एमबीपीएस गतिको अनलिमिटेड प्याक रु ६९ मा उपलब्ध हुनेछ । भ्वाइस सेवाअन्तर्गत रु २५ मा १ दिन ९२४ घण्टा० प्रयोग गर्न सकिने ४५ मिनेटको प्याक, रु ४० मा तीन दिन प्रयोग गर्न सकिने ८० मिनेटको प्याक र रु ५०० मा ३५ दिनसम्म प्रयोग गर्न सकिने एक हजार ३०० मिनेटको प्याक उपलब्ध हुनेछ । यी प्याकहरु जुनसुकै समय ९अल टाइम० प्रयोग गर्न सकिन्छ ।

यसैगरी अफर प्राप्त हुने अवधिमा एमपोसमार्फत रिचार्ज गर्दा बोनसको रुपमा डाटा प्याक उपलब्ध गराइने र रु २०० देखि रु ४९९ सम्म रिचार्ज गर्दा दुई दिनभित्र प्रयोग गर्न सकिने ५०० एमबी र रु ५०० भन्दा बढीको रिचार्ज गर्दा चार दिनभित्र प्रयोग गर्न सकिने १,०२४ एमबी डाटा प्याक उपलब्ध हुने प्रवक्ता जोशीको भनाइ छ ।

उल्लिखित प्याकेज प्राप्त गर्नका लागि ग्राहकले ८ज्ञद्धज्ञछ३ डायल गर्नुपर्दछ । कम्पनीको 'नेपाल टेलिकम' एपबाट पनि यससम्बन्धी जानकारी लिन र सेवा खरिद गर्न सकिन्छ । त्यसैगरी कम्पनीको वेबसाइट ध्ध्ध्।लतअ।लभतालउ मार्फत पनि यससम्बन्धी विस्तृत जानकारी प्राप्त गर्न र सेवा खरिद गर्न सकिनेछ ।

# कोरोना संक्रमण दर १८ प्रतिशत

काठमाडौं, १८ असोज (रासस) ।

पछिल्लो २४ घण्टामा एक हजार ३० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार १० हजार ८७४ जनामा सोमबार कोरोना परीक्षण गरिएको थियो । देशभर सक्रिय संक्रमित १६ हजार ६०६ छन् । नेपालमा संक्रमण दर १८.८ प्रतिशत छ ।

पाँचसय भन्दा बढी संक्रमित भएका जिल्ला आठ र २०० भन्दा बढी संक्रमित भएका जिल्ला १९ छन् । मोरङ, सुनसरी, झापा, काठमाडौं, ललितपुर भक्तपुर, कास्की र रुपन्देही ५०० भन्दा बढी संक्रमित भएका जिल्ला हुन् ।

सोमबार एक हजारले संक्रमण जितेका छन् । यससँगै नेपालमा हालसम्म संक्रमण मुक्त हुने सात लाख ७० हजार २२४ पुगेका छन् । नेपालमा संक्रमणमुक्त हुने दर ९६.५ प्रतिशत छ ।

संक्रमणबाट पछिल्लो २४ घण्टामा १० जनाको निधन भएको छ । अहिलेसम्म संक्रमणबाट ११ हजार १७४ जनाको निधन भइसकेको छ । हाल देशभर ३५१ जना सघन उपचार कक्ष, ११८ जना भेन्टिलेटर, १५ हजार ५३४ जना होम आइसोलेशन, एक हजार १५२ जना संस्थागत आइसोलेशन र २४१ जना क्वारेन्टिनमा छन् ।

कोभिड–१९ विरुद्धको खोप एक लाख २० हजार ५४८ जनाले लगाएका छन् । अहिलेसम्म नेपालमा ७८ लाख पाँच हजार ६८५ ले पहिलो मात्रा र ६३ लाख ८४ हजार १७२ ले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

# मन्त्री बनाउने विषय प्रधानन्यायाधीशको हातमा हुँदैन : प्रन्या जबरा

काठमाडौं, १८ असोज (रासस) ।

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराले मन्त्री बनाउने विषय कार्यपालिकाको भएको र त्यसमा प्रधानन्यायाधीको कुनै पनि हात नभएको बताउनुभएको छ ।

सर्वोच्च बार एसोसिएनका अध्यक्ष पूर्णमान शाक्यसहित पदाधिकारीले सोमबार प्रधानन्यायाधीशले मन्त्रायल बाँडफाँटका विषयमा भाग खोजेको भन्ने विषयमा आएको समाचारप्रति ध्यानाकर्षण गराउन गएको टोलीसँग प्रधानन्यायाधीश राणाले सो कुरा बताउनुभएको हो ।

"मन्त्री कसलाई बनाउने भन्ने कुरा विशुद्ध कार्यकारी प्रमुख प्रधानमन्त्री शेरबहादुर देउवाको हो, त्यसमा प्रधानन्यायाधीशको कुनै हात हुँदैन, बाहिर आएको समाचारका विषयमा म गम्भीर छु, यसबारे छिटै अदालतबाट खण्डन हुन्छ", भेटमा प्रधानन्यायाधीशसँग भएको कुराकानी उद्धृत गर्दै सर्वोच्च बारका सदस्य विकास भट्टराइले जानकारी दिनुभयो ।

यससम्बन्धी समाचार शनिबार सार्वजनिक भएको थियो । प्रधानन्यायाधीश राणाले यस विषयमा आएको समाचार सत्य नभएको पनि सो प्रतिनिधिमण्डलसँग बताउनुभएको थियो ।




## विश्व समाचार

### साउदी अरेबिया नेतृत्वको सैन्य कारबाहीमा २८ हुथी विद्रोहीको मृत्यु

साना, १८ साउन (रासस/सिन्हवा) ।

यमनको मध्य क्षेत्रीय प्रान्त मारिबमा आइतबार पनि साउदी अरेबिया नेतृत्वको सैन्य समूहले हवाई कारबाही जारी राखेको बताइएको छ ।

प्राप्त समाचारअनुसार उक्त सेनाले गरेको कारबाहीका क्रममा कम्तीमा पनि २८ जना हुथी विद्रोहीहरुको ज्यान गएको यमनको सरकारी सेनाले सोमबार जानकारी दिएका छन् ।

यमनमा साउदी अरेबियाको नेतृत्वमा रहेको सेनाले विगतदेखि नै हुथीका विरुद्धमा कारवाही गर्दै आएको छ । उक्त सैन्य समूहमा यमनी सेना पनि रहने गर्दछन् ।

मारिब क्षेत्रमा ठूलो संख्यामा हुथी विद्रोहीहरु रहेको सूचनाको आधारमा सो आक्रमण गरेको थियो ।

उक्त हवाई आक्रमणमा २८ जना हुथी विद्रोही मारिएका र त्यस कारबाहीका क्रममा अरु केही घाइते भएका पनि बताइएको छ ।

उक्त प्रान्तमा यसअघि पनि समयसमयमा साउदी अरेबियाको नेतृत्वको सेनाले हमला गर्ने गरेको पनि बताइएको समाचारमा उल्लेख गरिएको छ ।

साउदी अरेबियाले इरान समर्थित हुथी विद्रोहीविरुद्ध सन् २०१४ देखि हवाई आक्रमण गरिरहेको छ । यमनको गृहयुद्धका कारण हजारौंको ज्यान गइसकेको छ भने लाखौं विस्थापित छन् ।

आइतबारको कारबाहीका क्रममा हुथीहरुले प्रयोग गर्ने गरेका केही शक्तिशाली हतियारहरु पनि पक्राउ गरिएको समाचारमा जनाइएको छ ।

### भारतमा कोभिडका थप २२ हजार ५०० भन्दा बढी सङ्क्रमित

नयाँदिल्ली, १८ असोज (रासस/एएनआई) ।

भारतमा कोरोनाभाइरसबाट थप २० हजार ७९९ जना सङ्क्रमित भएका छन् ।

भारतमा कोरोना सङ्क्रमणको कारण आइतबार थप १८० जनाको मृत्यु भएको छ । यसैसँगै कोरोना सङ्क्रमणबाट भारतमा हालसम्म चार लाख ४८ हजार ९९७ जनाको मृत्यु भइसकेको छ ।

सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा २० हजार ७९९ जना सङ्क्रमित भएका हुन् । अघिल्लो दिन आइतबार बिहान सार्वजनिक जानकारीअनुसार शनिबार एक दिनमा २२ हजार ८४२ जना नयाँ सङ्क्रमित थपिएका थिए । शनिबार भन्दा आइतबार सङ्क्रमितको सङ्ख्या घटेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोमबार जानकारी दिएको छ ।

यसअघि दैनिक सङ्क्रमितको सङ्ख्या १८ हजारको हाराहारीमा पुगेकोमा अहिले फेरि बढेको हो । सङ्क्रमित र मृत्यु भएका मध्ये धेरै केरला राज्यका रहेका छन् । अन्य क्षेत्रमा महामारी कम हुँदै गएपनि केरलामा भने बढ्दै गएको पाइएको छ ।

भारतमा अहिले पनि सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या दुई लाख ६४ हजार ४५८ रहेको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ । सक्रिय सङ्क्रमितको यो संख्या २०० दिन यताको नै कम हो । भारतमा पछिल्लो समय दैनिक सङ्क्रमित र सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको तथ्याङ्कले देखाएको छ ।

दैनिक सङ्क्रमितको सङ्ख्याभन्दा दैनिक सङ्क्रमणमुक्त हुनेको सङ्ख्या धेरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्या कम हुँदै गएको हो । आइतबार दिनभर २० हजार ७९९ सङ्क्रमित हुँदा २६ हजार ७१८ जना सङ्क्रमणमुक्त भएका मन्त्रालयले जनाएको छ ।

भारतमा अहिलेसम्म कुल सङ्क्रमणमुक्त भएकाको सङ्ख्या तीन करोड ३१ लाख २१ हजार २४७ रहेको अधिकारीले जनाएका छन् ।

भारतको चिकित्सा अनुसन्धान परिषद्‌काअनुसार कोरोना शुरु भएदेखिहालसम्म भारतमा ५७ करोड ४२ लाख जना कोरोना परीक्षण गरिएको छ ।

भारतमा गत जनवरी १६ तारिखबाट कोरोना विरुद्ध खोप अभियान शुरु गरिएको हो सो समयबाट हालसम्म ९० करोड ७९ लाख ३२ हजार भन्दा बढी डोज खोप लगाइएको छ ।

### काबुलमा भएको झडपमा तीन आईएस लडाकु मारिए

काबुल, १८ असोज (रासस-सिन्ह्वा) ।

अफगानिस्तानको राजधानी काबुलको एक अत्यधिक जनघनत्व भएको इलाकामा तालिबान सैनिकहरुसँगको झडपमा कम्तिमा तीन इस्लामिक स्टेट (आइएस) का लडाकू मारिएको तालिबान प्रवक्ताले सोमबार पुष्टि गरेका छन् ।

प्रवक्ता बिलाल करिमीका अनुसार स्थानीय एक भवनमा लुकेर रहेका ती लडाकुहरू तालिबानी सुरक्षाकर्मीका विरुद्ध आक्रमण गर्ने तयारीमा रहेको बुझिएको छ। तर त्यसको विस्तृत विवरण भने बाहिर आएको छैन ।

कोटल-ए-खैरखाना इलाकामा घन्टौंसम्म चलेको उक्त दोहोरो झडपका क्रममा एउटा गाडी र भवनमा समेत आगो लागेको स्थानीय बासिन्दाले जनाएका छन् । उनीहरूका अनुसार त्यस घटनामा आईएसका तीन सदस्य मारिएका छन् ।

यो झडप मध्य काबुलको एउटा ठूलो मस्जिद बाहिर भएको बम हमलाको केही घण्टापछि भएको थियो जहाँ तालिबान प्रवक्ता जबीहुल्लाह मुजाहिदको मृतक आमाको प्रार्थनाको कार्यक्रम चलिरहेको थियो ।

उक्त घटनामा दुई नागरिक मारिएका थिए भने अन्य चार जना घाइते भएका थिए । मध्य अगस्टमा तालिबानको कब्जापछि अफगानिस्तानमा सुरक्षा अवस्था सामान्य रहे पनि पछिल्ला केही दिनमा आईएस सम्बद्ध लडाकुहरूले काबुल र पूर्वी नान्गाहार प्रान्तको राजधानी जलालाबाद शहरमा बम आक्रमण गर्न शुरु गरेका छन् ।

# महिला शिक्षक तथा कर्मचारीहरु तोकेको तलब नपाउदा धर्नालाई निरन्तरता




**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

. आन्दोलनमा उत्रेका राजविराजका महिला बाल शिक्षक तथा विद्यालय कर्मचारीहरुको धर्ना दोश्रो दिन पनि जारि रहेको छ ।

राजविराज नगरपालिका कार्यालय खुल्नासाथ उनीहरुले मुल गेट मै धर्ना बसे । सो धर्नाप्रति राजविराज नगरपालिकाकी उपप्रमुख साधना झाले ऐक्यबद्धता जनाउँदै उनीहरुसँगै केही बेर बसेकी थिइन् ।

सरकारले बृद्धि गरेको तलब उपलब्ध नगराएको भन्दै आन्दोलनमा उत्रेका महिला बाल शिक्षकहरु धर्नामा वसेको दोश्रो चरणको अन्दोलन अन्तरगत दोश्रो दिन पुगेको छ । पहिलो चरणको आन्दोलनमा शुरुमा एक घण्टा धर्नामा वस्ने गरेका उनीहरुले समय बढाउदै दोश्रो चरणमा ५ घण्टा सम्म धर्नामा वस्न थालेका हुन ।

विद्यालयका बाल शिक्षक, बाल विकास सहयोगि र कर्मचारीको सरकारले तलब बृद्धि गरेपनि आफूहरुले नपाएको गुनासो गर्दै धर्नामा बसेको बताएका छन् ।

यसअघि ज्ञापन पत्र बुझाउने, पेन डाउन गर्ने, हातमा कालो पट्टी बाँधेर पठनपाठनमा सहभागि, सरोकारवालासँग अन्तरक्रिया कार्यक्रम र धर्ना लगायत कार्यक्रम गरेकोमा कुनै सुनवाई नभएपछि धर्नाम वस्न थालेको उनीहरुको भनाई छ ।

नेपाल सरकारको २०७८ को बजेट अनुसार बृद्धि गरेको २ हजारसहित ८ हजार र स्थानिय सरकारबाट ७ हजार थप गरि १५ हजार दिने भनिएपनि आफूहरु पाउन नसकेको संघर्ष समितिकी सदस्य सचिव विभा झाको भनाई छ ।

### *संविधान संशोधन...*

मुलुकमा काँग्रेस र कम्युनिष्ट जस्ता ठूला पार्टी कुर्सीकै लागी मरिहत्ते गर्ने तिर लागेका कारण मुलुकको अवस्था विग्रीदै गएको टिप्पणी गरे । मधेशी जनतामाथी गोली चलाउदै एकतर्फीरुपमा जारी गरिएको वर्तमान संविधानले संशोधन नभएसम्म राजनीति समस्याको समाधान दिन नसक्ने उनको दावी थियो ।

# जोखिम न्युनिकरणका लागि बाढी पूर्व सूचना प्रणाली महत्वपूर्ण




**दैनिक समाचारदाता**
**राजविराज, १८ असोज ।**

समुदायमा आधारित बाढी पूर्व सूचना प्रणालीको तदर्थ समितिको पहिलो बैठक सोमबार राजविराजमा सम्पन्न भएको छ ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाद्वारा युनिसेफको आर्थिक तथा ईसिमोड र सबल नेपालको प्राविधिक सहयोगमा राजविराज नगरपालिका र रुपनी गाउँपालिकासँगको सहकार्य एवम् समन्वयमा सञ्चालित सो बैठकमा विपद् जोखिम न्युनिकरणका लागि बाढी पूर्व सूचना प्रणालीको महत्वपूर्ण भूमिका रहने बताएका छन् ।

कार्यक्रममा बोल्दै तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष सतिशकुमार सिंहले आफ्नो गाउँपालिकाका बासिन्दालाई बाढीबाट जोगाउन बाढी पूर्व सूचना प्रणाली जडान गरिएपछि धनजनको क्षति हुनबाट धेरै हदसम्म जोगिएको बताए ।

जिल्ला विपद् ब्यवस्थापन समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमले जोखिम न्युनीकरणमा बाढी पूर्व सूचना प्रणालीको महत्वपूर्ण भूमिका रहेको कुरामा जोड दिंदै दिगोपनाको लागि बास्केट फण्ड मोडालिटी अत्यन्तै राम्रो भएको जिकिर गरे । विपद् पछि राहत वितरणमा मात्रै केन्द्रीत नभई पूर्व तयारीमा ध्यानदिनु पर्ने आवश्यकता औंल्याए ।

सो बैठकमा राजविराज नगरपालिकाका उपप्रमुख साधना झा, जिल्ला समन्वय अधिकारी उमेश यादव सहितकाले बाढी पूर्व सूचना प्रणालीको आवश्यकता माथि प्रकाश पारे ।

बैठकमा तिलाठी कोइलाडी गाउँपालिकाका विपद् ब्यवस्थापन अधिकृत राजेश कुमार झाले समुदायमा आधारित बाढी पूर्व सूचना प्रणालीबाट पुगेको फाइदा तथा अनुभवका बारेमा प्रस्तुतीकरण गरेका थिए भने ईसिमोडका विजय खड्गीले बाढी पूर्व सूचना प्रणालीका लागि दिगोपना सम्बन्धी प्रस्तुतीकरण गरे ।

बाढी पूर्व सूचना प्रणाली जडान गर्नुपर्ने आवश्यकता महसुस गरी जडान गर्न अनुरोध गर्ने पालिकामा यसको विस्तार गर्ने, तदर्थ समितिमा सुरक्षा निकायलाई आमन्त्रित सदस्यको रुपमा बोलाउने तथा खाँडो पूर्व सूचना प्रणालीको ह्वाट्सएप ग्रुपमाअन्य सरोकारवालाहरुलाई समेत थपगर्ने जस्ता निर्णय भएको समितिका सदस्य सचिव तथा सबल नेपालका कार्यकारी निर्देशक दिपक झाले जानकारी दिए ।

तिलाठी कोइलाडी गाउँपालिकामा युनिसेफको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित बालकेन्द्रीत विपद् जोखिम न्युनीकरण कार्यक्रम ( सिसिडिआरआर) अन्तर्गत अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (ईसिमोड) को प्राविधिक सहयोग र सबल नेपालको संयोजनमा खाँडो खोलामा समुदायमा आधारित बाढी पूर्व सूचना प्रणाली जडान गरिएको छ ।

# केराउ, सुपारी, छोकडा र मरिच आयातमा रोक

काठमाडौँ, १८ असोज (रासस) ।

सरकारले केराउ, सुपारी, छोकडा र नधुल्याइएको मरिच आयातमा रोक लगाएको छ ।नेपाल राष्ट्र बैंकले एक सूचना जारी गर्दै यी चार वस्तुको आयातमा रोक लगाइएको जनाएको हो । सूचनामा २०७८ असारमसान्तसम्म ढुवानी भइसकेका बस्तु आयात गरिने र साउनदेखि आयात रोकिएको छ ।

विसं २०७७ चैत ९ गते राजपत्रमा प्रकाशित सूचनाबमोजिम उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको अनुरोधमा आयात गर्न  रोक लगाइएको केन्द्रीय बैंकले जनाएको छ ।

यसअघि २०७७ चैत ९ गते बसेको मन्त्रिपरिषद्को बैठकले एक वर्षदेखि लगाइएको प्रतिबन्द खुला गर्दै आयातामा कोटा प्रणाली लागू गरेको थियो । सरकारले वार्षिक ८० हजार मेट्रिकटन केराउ, २५ हजार मेट्रिकटन सुपारी, पाँच हजार मेट्रिकटन छोकडा र १५ हजार मेट्रिकटन नधुल्याएको मरिच आयातका लागि कोटा प्रणाली खुला गरेको थियो ।

मन्त्रिपरिषद्को स्वीकृतिका आधारमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उक्त वस्तु आयातका लागि आवेदन माग गरेको थियो । सीमित कोटा राखेर आयात खुला गरिएका वस्तु तीन महिनापछि पुनः बन्द गरिएको हो । यसअघि २०७६ चैतमा केराउ, मरिच, छोकडा, सुपारी मदिराजस्ता वस्तुको आयातमा सरकारले रोक लगाएको थियो ।





देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६





**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*